# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

# संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः

मितिः २०७५।१२।११

श्री प्रमुखज्यू,
किस्पाङ्ग गाउंपालिकाको कार्यालय,
नुवाकोट ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट किस्पाङ्ग गाउंपालिकाको कार्यालयको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ लाख ५० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख ५० हजार ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३ लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७५।६।१ मा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ८ यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

**किस्पाङ्ग गाउपालिका**

**लेखापरीक्षण प्रतिवेदन**

**२०७४।७५**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने किस्पाङ्ग पालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरियसेवा प्रदान गर्नु हो । यो गाउंपालीका अर्न्तगत ५ वडा रहेको २९ सभा सदस्य, १७ हजार जनसंख्या ३ प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोष :** आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | १२४०८३१६४।६८ | |
| | क) नगद | ३४१५९८५। | | २ | **पूँजीगत खर्च** | ८११२७२४९। | |
| | ख) बैंक | | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ११५५९९८।५० | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | - | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | ६८५६५४। | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | | | |
| | क)वित्तीय समानीकरण अनुदान | ११८८७१०००। | | | | | |
| | ख) सशर्त अनुदान | ६३९२३०००। | | | | | |
| | ग) समपूरक अनुदान | ७९८०००। | | ५ | **धरौटी फिर्ता** | | |
| | घ) विशेष अनुदान | ४००७९६२२।३२ | | ६ | **कोष खर्च फिर्ता** | ७८८९६२७। | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ७ | **मौज्दात** | | |
| | क)वित्तीय समानीकरण अनुदान | | | | क) नगद मौज्दात | | |
| | ख) सशर्त अनुदान | | | | ख) बैंक मौज्दात | | |
| | ग) समपूरक अनुदान | | | | चालु | २१४६०७७३५ | |
| | घ) विशेष अनुदान | | | | पूंजीगत | २७६५५७५। | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | कोष खाता | ११४४२९४४।५० | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | धरौटी | १८६९९६। | |
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) साँवा प्राप्ति | | | | | | |
| | ग) ब्याज प्राप्ति | | | | | | |
| | घ) अन्य प्राप्ति | | | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | | | |
| १० | **धरौटी आय** | १८६९९६। | | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १२ | **अन्य विविध आय** | ५२५३७७६८ | | | | | |
| | **जम्मा** | **२२९६४१६३३।५०** | | | **जम्मा** | **२२९६४१६३३।५०** | |

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **संचित कोष :**<br>स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६३ अनुसार आर्थिक वर्षको अन्तिम दिन दिन खर्च नभै वांकी रहेको सम्पूर्ण रकम स्थानिय निकाय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा चालु खाता तर्फ रु.२१४६०७०।३८ पूंजिगत खाता तर्फ २७६५५७५। र धरौटी खाता तर्फ १८६९९६। मौज्दात रहेकोमा कोषमा दाखिला गरेको देखिएन । नियम विपरित कोष मौज्दात राखेकोले वास्तविक संचित कोषमा रहको मौज्दात यकिन गर्न सकिएन । यसतर्फ सम्वन्धीत पदाधिकारी लाई जिम्मेवार वनाउनु पर्दछ । | |
| २ | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । ऐन अनुसार अध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत र वडा सचिव लाई अख्तियारी दिएको देखिएन अतः ऐन नियमको पालना हुनु पर्दछ । | |
| ३ | **वजेट पेश गर्ने तथा पारित गर्ने**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । यसरी पटक पटक संसोधन गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ । | |
| ४ | **आन्तरीक नियन्त्रण प्रर्णालीः** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । तर गाउंपालीले ऐन अनुरुप आन्तरिक नियन्त्रण व्यवस्था वनाई लागू गरेको देखिएन । अत : ऐन नियम अनुसार आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा ल्याउनु पर्दछ ।<br>गाउंपालीका कार्यालयले देहाय अनुसार प्रतिवेदन तथा विवरण तयार गर्ने गरेको देखिएन । ऐन नियममा भएको व्यवस्थाको परिपालना गर्ने तर्फ सम्वन्धीत निकायको ध्यान जानु पर्ने देखिन्छ ।<br>(क) वैंक समायोजन विवरण तयार गर्ने नगरेको ।<br>(ख) अन्तरिक लेखापरीक्षण नगरेको ।<br>(ग) योजना कार्यान्वयन तालीका निर्माण नगरेको ।<br>(घ) समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको ।<br>(ङ) करका लागि उपयुक्त लेखा प्रणाली राखेको छैन ।<br>(च) रसिद नियन्त्रण खाता राखेको छैन ।<br>(छ) घर नक्सा सम्वन्धी काम कारवाही गर्ने नगरेको ।<br>(ज)भौतिक परिक्षण भएको तथा प्रतिवेदन तयार गरेको छैन ।<br>(झ) सांकेतीकरण, लिलाम ,राफसाफ, प्रक्रिया पुरा गरेको छैन । | |

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | (ञ) धरौटी खाताको आर्थिक विवरण, फांटवारी , अभिलेख आदीको व्यवस्था गरेको छैन ।<br>(त) वजेट तथा अख्तियारी कार्यकारी प्रमुख र वडा कार्यालय लाई दिने नगरेको ।<br>(थ) वार्षिक कार्यक्रम परिषद वाट स्वीकृत भै सकेपछि थप घट गर्ने संशोधन गर्ने कार्य गरेको ।<br>(द) गाउंपालीकाले वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने गरेको छैन ।<br>खातापाता लगत फांटवारी आदी अधिकार प्राप्त अधिकारीवाट प्रमाणीत गर्ने नगरेको । | |
| ५ | **श्रोतअनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउंपालीकामा प्राप्त हुने आन्तरिक आय , राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण , सन्तुलीत वितरणमा , वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो अनुसार भए गरेको पाइएन । अतः ऐन नियम अनुसार हुनु पर्दछ । | |
| ६ | **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउंपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउंपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको देखिएन, स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउंपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ७ | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । नियम अनुसार वार्षिक लक्ष अनुसार प्रगति प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| ८ | **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ३.४२ प्रतिशत, दोश्रो चौमासिकमा २.२४ प्रतिशत र तेश्रो चौमासिकमा ९४.३४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा २९.५३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । अतः नियम अनुसार चौमासिक रुपमा कार्यक्रम अनुसार खर्च गर्नु पर्दछ । | |
| ९ | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकामा रहने कर्मचारी दरवन्दी ३० रहेपनि पदपूर्ति ७ रहेको देखियो । २ अधिकृत सहित २३ पद रिक्त रहेका छन । ति मध्ये ३ जना करारमा राखि कार्य संचालन गरिएको छ । समयमा नै पदपूर्ति गर्न सम्वन्धीत निकायले पहल गर्नु पर्दछ । समयमा दरवन्दी अनुसार पदपूर्ति गर्ने तर्फ आवश्यक पहल हुनु पर्दछ । | |

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | | |
| १० | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । नियम अनुसार तोकीएको शिर्षक वाट तोकिएको कार्यमा मात्र खर्च गर्नु पर्दछ । | |
| ११ | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| १२ | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउंपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १३ | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । ऐनको दफा अनुसार प्रोफाइल तयार गर्नु पर्दछ । | |
| १४ | **प्रोदभावी लेखा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार गाउंपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । गाउपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| १५ | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरु प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भूक्तानीमा अनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| १६ | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित | |

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । व्यवस्था स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । यो आर्थिक वर्षमा आन्तरिक खातावाट कर्मचारी कल्याण खातामा कुनै रकम जम्मा भएको नदेखिएकोले ऐन अनुसार पालना भएको पाइएन । | |
| १७ | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउंपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउंपालीकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन र नदी सरसफाई पर्दछन् । यसरी वातावरण सुधार र ढलमा कुनै रकम बजेट व्यवस्था नभएकोले ०% प्रगति गरेको छ । ढल निर्माणको एकीकृत बहु वर्षे योजना  र प्रगती पेश भएन । त्यसैगरी पार्क निर्माणमा रु.५० लाख रहेकोमा रु.४८.लाख खर्च गरेको छ । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, ब्यालर, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान संञ्चालन गरी शहरी वातावरण सुधार गर्ने कार्य भएको छैन । | |
| १८ | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउंपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउंपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नु पर्दछ । गाउंपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका कममा  गाउंपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाउंपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | |
| १९ | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउंपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । गाउंपालिकाले सवारीहरुको दर्ता एवं नविकरणबाट यो वर्ष कुनै रकम प्राप्त गरेको देखिएन । यातायात व्यवस्था कार्यालय संग समन्वय गरि हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलिलाई प्रभाबकारी बनाउने तर्फसम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| २० | **पूँजीगतबाट चालु खर्च:** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । गाउंपालीकाको कार्यालयले यो वर्ष सभाबाट पारित गरि रु.२,००,०००। चालु खर्च पुजिगत वजेटमा समावेश गरि वजेट खर्च लेखेको नियम सम्मत देखिएन । चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरि वजेट खर्च लेख्नु पर्दछ । | |
| २१ | **सामाजिक सुरक्षा :**<br><br>सामाजिक सुरक्षा कार्य संचालन कार्यविधि,२०७२ अनुसार देहाय वमोजिमका लाभग्राहीहरु लाई नेपाल सरकारबाट तोकीए वमोजिमका दरले भत्ता उपलब्ध हुने उल्लेख छ । लाभग्राहीको यथार्थ विवरण र गत आर्थिक वर्षको अनुसूची ८ वमोजिम वार्षिक प्रगति विवरण प्राप्त भएपछि सोही आधारमा सामाजिक सुरक्षा कार्यक्रमको वजेट अख्तियारी  पठाउने व्यवस्था अनुसार किसपाङ्ग गाउंपालीकाको लागी रु.४,०६,०५,०००। वजेट व्यवस्था भै रु.३,६७,३९,०००। निकासा खर्च भएको श्रेस्ता वडा नं.२,३ को विस्तृत अध्ययन गर्दा देखिएका व्यहोरा देहाय अनुसार रहेको छ । | |

<table>
<tr><th>बेरुजु दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२२</td><td>

**(क)** कार्यविधि अनुसार मृत्यु भएका, वसाई सरी गएका, व्यक्ति हरुको अभिलेख अद्यावधिक गरी मृत्यु भएको मिति खुल्ने गरी मृत्यु दर्ता भएको प्रमाण, वसाई सराईको प्रमाण, भत्ता वितरणको मुचुल्का आदी श्रेस्ता साथ पेश गर्नु पर्नेमा सो सम्वन्धी प्रमाण श्रेस्ता साथ पेश भएको देखिएन । साथै परिचय पत्रमा भूक्तानी गरिएको रकम र अवधि उल्लेख गरी प्रमाणीत गर्नु पर्नेमा सो अनुसार भए गरेको प्रमाण देखिएन ।

**अनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग विल र मूल्याकंन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानिय निकायवाट व्यहोरिने रकमलाई सोही अनुपातमा कम गरी भूक्तानी गर्नु पर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्न कार्यको भूक्तानीमा अनुपातिक कट्टी भई वढी भूक्तानी भएको १४९६९२। असूल गर्नु पर्ने रु.

<table>
<tr><th>कामको विवरण</th><th>सम्झौता रकम</th><th>मूल्याकंन रकम</th><th>प्रतिशत</th><th>भूक्तानी हुनु पर्ने</th><th>भएको</th><th>वढी</th></tr>
<tr><td>फुटवल मैदान समाज</td><td>११६८९२३।</td><td>९,६५।७७३।</td><td>८४.१३</td><td>८,२०,९१३।</td><td>९,१२,२६६।</td><td>९१,३५३।</td></tr>
<tr><td>पुतली लड्ने भिर अधिकारीटोल उ.स.</td><td></td><td>५,३०,९००।</td><td>८५.००।</td><td>४,५१,३२५।</td><td>५०,९६,६४।</td><td>५८,३३९।</td></tr>
</table>

</td><td>१४९६९२।</td></tr>
<tr><td>२३</td><td>

**लागत अनुमान :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार रु.१ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन सकिने सो लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेत समावेश हुने उल्लेख छ । काउले वसपार्क निर्माण कार्यको लागि यो वर्ष ५८,६६,१६४। को लागत अनुमान तयार गरी ५० लाख गाउंपालीका वाट रु. ८६६१६४। उपभोक्ता समितिबाट कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भै रु.४८,००,०००। भूक्तानी खर्च लेखेको देखिन्छ । समयमा निर्माण कार्य सम्पन्न नभएतापनि ठेक्का सम्वन्धी विवरणमा उक्त कार्य सम्पन्न भएको विवरण प्राप्त भएको छ । कार्यालयमा प्राप्त डिटेल इन्जिनियरिङ्ग डिजाईन तथा सर्भे रिपोर्ट र लागत स्टीमेट अनुसार मु.अ.कर समेत रु.३,९१,८१,४५६।८४ लाग्ने देखिन्छ । यसरी १ करोड माथीको कार्यलाई समेत प्रत्येक वर्ष छुट्टा छुट्टै लागत अनुमान तयार गरेको देखिन्छ । यस्तो कार्यमा सुधार हुनु पर्दछ ।

</td><td></td></tr>
<tr><td>२४</td><td>

**पूंजिगत खर्च बढी :**

१२१।०७५।३।१३ - अलैचि पकेट संचालन समिति किस्पाङ्ग साम्ले संग सार्वजनिक निर्माण पूंजिगत तर्फ रु.२००,०००। र चालु तर्फ रु.१,००,०००। गरी ३,००,०००। सम्झौता गरेकोमा पूंजिगत निर्माण शिर्षक वाट सम्झौता रु.२,८८०००। भूक्तानी गरेको छ । उपभोक्ताको अंश रु.३१,६८३। कन्टिन्जेन्सी कर रकम कट्टा गरी रु.१,८८,०००। मात्र भूक्तानी खर्च लेख्नु पर्नेमा मूल्याकंन तथा कार्य सम्पन्न प्रतिवेदन अनुसार २,३१,६८३। को मात्र कार्य भएको अवस्थामा भूक्तानी पूंजिगत रु. २,८८,०००। भएकोले वढी भूक्तानी रु. १,००,०००। चालु खाताबाट खर्च गर्नुपर्नेमा यस वाट खर्च लेखेकाले आन्तरिक नियन्त्रण प्रभावकारी देखिएन ।

</td><td></td></tr>
<tr><td>२५</td><td>

**भेरिएसन :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ (क) अनुसार निर्माण कार्यको ड्रईङ्ग डिजाईन तथा स्पेसिफिकेशन आदी वदल्नु नपर्ने तर कामको परमाण थपघट हुने अवस्थामा सम्झौता मूल्यको ५ प्रतिशत सम्मको भेरिएसन आदेश प्राविधिक पुष्ट्याई सहित सार्वजनिक निकायको प्रमुखले भेरिएसन जारी गर्नु सक्ने उल्लेख छ । २०७३।३।२४ को सचिव स्तरिय निर्णय को परिपत्र अनुसार ओर्जिनल कष्ट ईष्टिमेट तथा वि ओ क्यू को Quantities भन्दा वढी Quantity को भूक्तानी गर्नु अगाडि अनिवार्य रुपमा भरिएसन अर्डर तथा Revised cost Estimate स्वीकृत गराएर मात्र भूक्तानी गर्ने भन्ने उल्लेख

</td><td></td></tr>
</table>

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

छ । देहाय अनुसार निर्माण कार्यको आईटम परिमाणमा घटी वढी भै कुनै आईटमको कार्य नै नभएको कुनै आईटम सतप्रतिशत भन्दा वढी थप भएको अवस्थामा निर्माण कार्य सम्पन्न जनाई फरफारक गरिएकोले यसरी कुनै कार्य वढी कुनै कार्य घटी भएको सम्वन्धमा लगत स्टिमेट तयार गर्ने, कार्य सम्पन्न भएको प्रमाण वनाउने प्राविधिक लाई जिम्मेवार वनाई नियमानुसार आईटम वाईज कार्यको भेरिएसन तथा कष्ट स्टिमेट रिवाईज गरी स्वीकृत भएको प्रमाण पेश हुनु पर्दछ ।

| भौं.नं., मिति | कामको विवरण | ल.ई. | भएको | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १४१।०७५।३।२१ | माटो काटी कार्य<br>साधारण चट्टान काट्ने | १०१९ घ.मि.<br>१५३ घ.मि. | ३३१० घ.मि. | ३,२५,२२०। | जल्जुखोला चेल्नु सडक उ.स |
| १२८।०७५।३।१८ | माटो काट्ने<br>सुख्खा पर्खाल | १४२०८ घ.मि.<br>८२.६५ घ.मि. | १५४३६ घ.मि.<br>१५६.७० घ.मि. | ५,१५,०५७। | नुवेत ग्रामीण सडक को दोश्रो |
| ४८।०७४।१२।२८ | माटोको काम | १६२० घ.मि. | २३५२ घ.मि. | ४५४९२। | पेमेखोला लामाछाप सातदोवाटो |
| १४६।०७५।३।२७ | माटोको काम | २००८० घ.मि. | २१५६५ घ.मि. | १३९३३६। | भाल्चेवेसी डुम्रे वडा कार्यालय |
| | माटो काट्ने कार्य<br>ढुंगा काट्ने कार्य | ४५७५ घ.मि.<br>८०७.५३ घ.मि. | ५६४० घ.मि.<br>क९९५.३२ घ.मि. | ६,१९०,१८। | काउले वसपार्क उ.स. |

२६ **लागत स्टीमेट वढी भएको :**

अनुसन्धान तथा परामर्श सर्भे कार्यक्रमको रेट एनालाईसिस गर्दा भए गरेको लाग्ने मूल्य कायम भै सकेपछि १५ प्रतिशत ओभरहेड कष्ट थप गरी लगत रकम कायम गरेको देखिन्छ । सरकारी परीपत्र तथा नियमानुसार सर्भेको कार्यमा ओभरहेड जोड्न नपाउने उल्लेख भएकोले यसरी ओभरहेड जोडी लागत स्टीमेट तयार गर्दा देहाय अनुसार रकम वढी हुन जाने देखिन्छ ।

| कामको विवरण | ओभरहेड नजोडी लगत हुने | ओभरहेड जोडी ल.ई.हुने | वढी |
|---|---|---|---|
| सलाखु खोला ढोका फेदी चिउरीडाडा सडक सर्भे | ६८२९३२। | ७८५३७२। | १०,२४३९। |
| किर्नेवगर साल्भेसडक सर्भे | ६८७६६२। | ७९०८२६। | १०,३१,६३। |

२७ **वित्तिय जवाफदेहिता मूल्याङ्कन :** कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट प्राप्त नतिजा ***अनुसूची १*** मा उल्लेख छ । सो बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "B" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।

२८ **बेरुजु -** पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु १ लाख ५० हजार, अनियमित बेरुजु रु रु.० करोड ० लाख ० हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. ० करोड ० लाख

<table>
<tr><th>बेरुजु दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>० हजार र पेश्की बाँकी देखिएको रु.... ० लाख ० हजार ० समेत रु. १ लाख ५० हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भई रु.० हजार फछ्र्यौट भई रु. ० करोड १ लाख ५० हजार बेरुजू कायम भएको छ।</td><td></td></tr>
<tr><td>२९</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन। गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>गत वर्षको बेरुजू रकम (रु.) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
<tr><td>६६४०००.००</td><td>६५००००.००</td><td>१४०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३०</td><td>अद्यावधिक बेरुजू स्थिति : गाउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :<table>
<tr><th>गत वर्षसम्म्रको फछ्र्यौट गर्न बाँकी (रु.) ©</th><th>। वर्षको सं प.बाट कायम बेरुजू रु. (D)</th><th>वर्षको कायम बेरुजू रु. (E)</th><th>बाँकी (F=C+D+E)</th></tr>
<tr><td>१४०००.००</td><td>०</td><td>१५००००.००</td><td>१६४०००.००</td></tr>
</table></td><td></td></tr>
</table>

**अनुसूची– १**

## किस्पाङ्ग गाउँपालिकाको बेरुजू बर्गीकरण
## आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | नुवाकेट | किस्पाङ गाउंपालिका | २५ | १ | १५० | ० | ० | ० | २५ | १ | १५० | १५० | ० | ० | ० | ० | १५० | ० | ० | ० |

**अनुसूची- २**

## स्थानीय तह सञ्चित कोष विवरण
## आर्थिक वर्ष २०७४।७५

**प्रदेश नम्बर :- ३**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १ | किस्पाङ गाउंपालिका | नुवाकेट | ३४१६ | ११८८७१ | १०४८०१ | २५५४ | २२६२२६ | १२४०८३ | ८११२७ | ७८९० | २१३१०० | १६५४२ |